कोशी प्रदेश सरकार

उद्योग, कृषि तथा सहकारी मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

धनकुटा

पत्र संख्याः २०८३/८४

चलानी नं.

मितिः २०८३/०४/०४

**विषयः मौजुदा सूचीमा दर्ता हुने सम्बन्धी सूचना।**

यस कार्यालयको लागि आ.व. २०८३/८४ मा निम्नानुसार कार्य गर्न सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६(क) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ बमोजिम मौजुदा सूची तयार गर्नुपर्ने भएकोले मौजुदा सूचीमा दर्ता वा अध्यावधिक हुन चाहने व्यक्ति, फर्म, संस्था, कम्पनी, आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैर सरकारी संस्था वा सेवा प्रदायकहरुले संस्था वा फर्म दर्ताको प्रमाणपत्र, स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र, आवश्यकता अनुसारको व्यवसायिक इजाजतपत्र, सोको नविकरण, र गत आ.व. सम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि सहित आफूले गर्न चाहेको कारोबारको छुट्टा छुट्टै व्यहोरा उल्लेख गरी सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची-२(क) बमोजिमको ढाँचामा यस कार्यालयमा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। रित नपुगी प्राप्त हुन आएका निवेदनहरुलाई मान्यता दिईने छैन।

**खरिद सम्बन्धी काम कारबाहीका लागि आवश्यक सामान तथा सेवाहरुको विवरणः**

- छपाई, मसलन्द तथा कार्यालय सामानहरु आपूर्ति सम्बन्धी कार्य,
- मोटरसाईकल तथा चार पांग्रे सवारी साधनहरुको मर्मत सम्भार तथा आपूर्ति सम्बन्धी कार्य,
- कम्प्युटर, ल्यापटप, स्क्यानर, प्रिन्टर, फोटोकपी मेशिन लगायत उपकरणहरु आपूर्ति तथा मर्मत सम्भार सम्बन्धी कार्य,
- सोलार, इन्भटर, ब्याट्री, जेनेरेटर, रेफ्रिजेरेटर, एक्स-रे मेशिन लगायतका इलेक्ट्रोनिक्स उपकरणहरुको आपूर्ति तथा मर्मत सम्भार कार्य,
- फर्निचर सम्बन्धी मालसामान आपूर्ति तथा मर्मत सम्भार कार्य,
- इन्टरनेट, वेवसाइड, सि.सि. क्यामेरा जडान तथा मर्मत सम्बन्धी कार्य,
- निर्मित भवनको मर्मत तथा रङ्गरोगन सम्बन्धी कार्य,
- पशुपन्छी उपचार तथा प्रयोगशालाको लागि आवश्यक औषधि, रसायन तथा उपकरण सामाग्रीहरुको आपूर्ति सम्बन्धी कार्य,
- बिभिन्न सेवा, परामर्श, सर्भे तथा डिजायन सम्बन्धी कार्य,
- कार्यालयलाई आवश्यक पर्ने अन्य कार्यहरु।

...................................

(हिमा कुमारी गौतम)

निमित्त कार्यालय प्रमुख